# स्थानीय राजपत्र


सन्धिखर्क नगरपालिका अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड ४, संख्या २३ ,मिति २०७७/०९/०९


# भाग-२

## सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सन्धिखर्क नगरपालिकाको नगरकार्यपालिकाले बनाएको सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि-२०७७ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सन्धिखर्क नगरपालिका

# सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि-२०७७

सन्धिखर्कनगरपालिका क्षेत्रभित्रका उत्पादनशील युवाहरु बैदेशिक श्रमबजार तर्फ पलायन भईरहेको सन्दर्भमा सन्धिखर्क नगरपालिकाले युवाहरुमा भएका ज्ञान,सीपको सदुपयोग गर्दै कृषिमा उद्यमशीलता, सिर्जनशिलता तथा सिपको विकास गरि उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न साथै कोभिड-१९बाट प्रभावित भई विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको कृषि तथा पशुपालन सिप तथा व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउन कृषि तथा पशुपालन व्यवसायलाई समय सापेक्ष आधुनिकीकरण तथा प्रवर्द्धन गर्दै उत्पादनको माध्यमबाट समृद्द सन्धिखर्क नगरपालिका निर्माणका लागि कृषि क्षेत्रमा सुलभ कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यविधि आवश्यक देखिएकोले सन्धिखर्क नगरपालिकाको कृषि तथा पशु व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सन्धिखर्क नगरकार्यपालिकाले सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि-**२०७७** बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि-२०७७"** हुनेछ ।

ख. यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"बेरोजगार व्यक्ति"** भन्नाले सन्धिखर्क नगरक्षेत्रका आयआर्जन हुने कृषि तथा पशुपालन सम्बन्धि व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नभएको व्यक्तिलाई बुझाउछ|

ख. **"लक्षित कार्यक्रम"** भन्नाले लक्षित व्यक्ति वा समुहको रोजगारी सिर्जना गरि आयआर्जन अभिवृद्धि गर्न सघाउ पुर्याउने व्यावसायिक कृषि, पशुपालन व्यवसाय सञ्चालनको लागि गरिने कार्यक्रम सम्झनुपर्दछ ।

ग. **"लक्षित वर्ग"** भन्नाले लक्षित कार्यक्रम सञ्चालन गर्न चाहने १८ देखि ५० वर्ष सम्मका सन्धिखर्क नगरपालिकामा स्थायी बसोबास गर्ने तथा सन्धिखर्क नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय दर्ता गरि सञ्चालन गरेको नेपाली नागरिक भन्ने सम्झनुपर्दछ ।

घ. **"व्यवसाय"** भन्नाले प्रचलित कानुनले निषेध गरे बाहेकका कृषि तथा पशुपालन व्यवसाय सम्बन्धि नाफा कमाउने तथा रोजगार सिर्जना गर्ने नियमित आर्थिक क्रियाकलापलाई जनाउँछ ।

ङ. **"समुह"** भन्नाले कृषि तथा पशुपालन व्यवसाय सञ्चालनका लागि प्रचलित कानुनबमोजिम दर्ता भई अविछिन्न काम गर्दै आएका समुहलाई जनाउँछ ।

च. **"सिफारिस समिति"** भन्नाले परिच्छेद ६ को दफा ८ बमोजिम गठन भएको समितिलाई जनाउँदछ ।

छ. **"छनौट समिति"** भन्नाले परिच्छेद-६ को दफा-९ बमोजिम गठन भएको समितिलाई जनाउदँछ ।

ज. **"ऋणी"** भन्नाले कार्यक्रमबाट ऋण लिने १८ देखि ५० वर्ष उमेर समुह भित्रका व्यक्तिलाई बुझाउछ ।

झ. **"ऋणी समुह"** भन्नाले बढीमा ५ जना सम्मको सामुहिक लगानीमा व्यवसाय गर्न ऋण लिने समुहलाई बुझाउछ ।

ञ. **"जमानी"** भन्नाले ऋणीले आफ्नो दायित्व पुरा नगरेमा आफू गर्छु भनी जिम्मा लिने व्यक्तिलाई बुझाउछ ।

ट. **"व्यवसाय"** भन्नाले यस कार्यविधिको अनुसूची-५ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूंजी लगानी गरि गरिएको कार्य सम्झनुपर्छ ।

ठ. **"वित्तीय संस्था"** भन्नाले सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालनको लागि ऋण लगानी तथा असुली लगायतको बैंकिंग कार्यहरु गर्न सन्धिखर्क नगरपालिकाले (अनुसूची-७ बमोजिम सम्झौता गर्ने गरी) छनौट (अनुसूची-६ बमोजिमका आधार प्रयोग गरी) गरी सम्झौता गरेको बैंक, बचत तथा ऋणको कारोवार गर्ने वित्तीय संस्थालाई सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छनः

क. लक्षित व्यक्ति वा समुहलाई कृषि तथा पशुपालन सम्बन्धि व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने सहुलियत ऋण प्रदान गर्ने ।

ख. लक्षित व्यक्ति वा समुहको लागि स्वदेशमा कृषि तथा पशुपालन सम्बन्धि रोजगारीका अवसरहरु श्रृजना गर्न सहयोग पुर्याउने ।

ग. कृषिजन्य तथा पशुजन्य उत्पादनमा वृद्धि गर्ने ।

घ. लक्षित व्यक्ति वा समुहको आय आर्जनमा टेवा पुर्याई परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुरयाउने ।

## परिच्छेद-२

## कोषको व्यवस्थापन

**४. यस कार्यक्रमको लागि देहायका श्रोतबाट कोषको व्यवस्था हुनेछ ।**

क. संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान ।

ख. राष्ट्रिय तथा अन्तरास्ट्रिय दातृ निकायबाट प्राप्त हुने रकम ।

ग. विभिन्न वित्तीय संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम ।

घ. नगरसभाबाट कोषको लागि विनियोजित रकम ।

ङ. कोष परिचालनबाट प्राप्त आम्दानी ।

च. अन्य श्रोतबाट प्राप्त रकम ।

सन्धिखर्क नगरपालिका

## परिच्छेद-३

## प्रस्ताव छनौट तथा कार्यान्वयन प्रक्रिया

**५. ऋण प्रवाहका लागि देहायको प्रकृया अवलम्बन गरिने छ ।**

क. कार्यालयले प्रस्ताव पेस गर्न अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना आह्वान गर्ने छ ।

ख. प्रस्ताव पेस गर्न इच्छुक व्यक्ति वा समुहले अनुसूची-२ बमोजिमको निवेदन तथा कागजातहरु संलग्न गरी कृषि

तथा पशु सेवा शाखामा अनुसूची-३ बमोजिम व्यवसायको प्रस्ताव पेस गर्नुपर्नेछ ।

ग. धितो राख्न नसक्ने ऋणिको प्रस्तावको हकमा निजले आफ्नो दायित्व पुरा नगरेमा आफू गर्छु भनी जिम्मा लिने जमानीको विवरण अनिवार्य रुपमा पेस गरेको हुनु पर्नेछ ।

घ. तोकिएको म्याद भित्र पेस भएका प्रस्ताव उपर सिफारिस समितिले अध्ययन गरी योग्य र उपयुक्त प्रस्तावको छनौट समितिमा पेस गर्नु पर्नेछ । सिफारिस गर्दा देहायको आधारमा मुल्यांकन गरेर सिफारिस गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| अ) | स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग हुने | -१५ अंक |
| आ) | बजारको सरल पहुँच र सुनिश्चितता भएको | -१० अंक |
| इ) | थप रोजगारीको सिर्जना हुने | -१० अंक |
| ई) | लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने | - ५ अंक |
| उ) | जोखिम कम रहने उद्दम | - ५ अंक |
| ऊ) | पूर्व अनुभव तथा विशेष सिप भएका | - ५ अंक |
| | कुलअंक | ५० अंक |

सन्धिखर्क नगरपालिका

ङ. सिफारिस समितिबाट सिफारिस भई आएका प्रस्तावहरु उपर छनौट समितिले अध्ययन गरि योग्य प्रस्तावलाई ऋृण सहयोगको लागि अन्तिम निर्णय गर्नेछ |

च. छनौट समितिले गरेको निर्णयको कार्यन्वयन गर्ने प्रमुख जिम्मेवारी कृषि विकास शाखा र पशु सेवा शाखाको हुनेछ र यस शाखाले छनौट समितिबाट लगानीका लागि योग्य व्यवसायीहरुलाई व्यवसायको प्रकृति अनुसार नगरपालिकाले सम्झौता गरेको वित्तीय संस्थाबाट ऋृण दिने प्रकृया अगाढी बढाउने छ |

छ. छनौट भएका प्रस्तावहरुले अनुसूची-८ बमोजिमका कागजातहरु नगरपालिकाले सम्झौता गरेको बैंकमा पेस गर्नुपर्नेछ |

## परिच्छेद-४

## ऋृण लगानीको सीमा

**६. यस कोषबाट ऋृण लगानी गर्दा देहाय बमोजिमको सीमा निर्धारण गरिनेछ |**

क. एकल व्यवसायको लागि अधिकतम - रु. १,००,०००|-

ख. २ वा सो भन्दा बढी ५ जना सम्म मिलेर कृषि तथा पशुपालन व्यवसाय गर्नको लागि अधिकतम - रु. ३,००,०००|-

ग. यस कार्यविधि बमोजिम लगानी गरिएको ऋृणको असुली अवधि साधारणतया बढीमा एक वर्षको रहने छ | तर

व्यवसायको प्रकृति अनुसार कुनै व्यवसायको ऋण असुली एक वर्ष भन्दा बढी बनाउन सिफारिस समिति र छनौट समितिलाई उचित लागेमा यो बुंदाले अवरोध ठानेको मानिने छैन ।

घ. एक पटक ऋण लिई सकेको व्यक्ति तथा समुहले सो ऋणको पूर्ण असुली नहुदा सम्म अर्को प्रस्ताव पेस गर्न पाउने छैनन् ।

ङ. अनुसूची-५ मा उल्लेख भएका क्षेत्रहरुमा मात्र ऋण उपलब्ध हुनेछ ।

च. स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमको भन्दा भिन्न प्रकृतिको व्यवसायमा ऋण लगानी गर्न पाइने छैन ।

छ. वित्तीय संस्था मार्फत सञ्चालन हुने उधमीको हकमा लगानी ऋणको ब्याज दर, ऋण लगानीका क्षेत्रहरु, ब्याज फिर्ता, ब्याज मिन्हा,जमानी वा धितो र बिमा लगाएतका विषयको प्रष्टताको लागी नगरपालिका र वित्तीय संस्था बीच कार्यक्रम सञ्चालन पुर्व नै सम्झौता हुनु पर्नेछ ।

सन्धिखर्क नगरपालिका

## परिच्छेद-५

## कर्जाको लागि योग्यता तथा शर्त सम्बन्धि व्यवस्था

### ७. योग्यता तथा शर्तः

क. यस कार्यविधि बमोजिम ऋण प्राप्त गर्न स्थायी लेखा नम्बर प्रमाण पत्र लिएको,सन्धिखर्क नगरकार्यपालिकाको कार्यालयबाट व्यवसाय दर्ता प्रमाण पत्र प्राप्त गरेको,

सन्धिखर्क नगरपालिका भित्रको बैंकहरुको कालो सुचीमा नपरेको स्वःघोषणा, सन्धिखर्क नगरपालिका भित्र बसोबास गरिरहेका तथा सन्धिखर्क नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय दर्ता गरि सञ्चालन गरेका देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछ ।

अ) व्यक्तिको हकमा १८ वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको ,

आ) अनुसुची २ बमोजिम जमानी सम्बन्धि कागजात अनिवार्य रुपमा पेस हुनु पर्ने,

इ) अनुसुची ३ बमोजिम व्यवसाय सञ्चालन तथा ऋण उपयोग सम्बन्धि प्रस्ताव

ख. यस कार्यविधि बमोजिम प्रदान हुने ऋण सम्बन्धित व्यवसायीले कुनै एक प्रकारको व्यवसाय सञ्चालनका लागि मात्र उपलब्ध हुनेछ ।

ग. यस कार्यविधि बमोजिम ऋण लिने निवेदनले नेपाल सरकार वा प्रदेश सरकारको सहुलियत ऋण अनुदान प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि ऋण लिएको हुनु हुदैन ।

## परिच्छेद-६

## सिफारिस समिति र छनौट समितिको गठन तथा काम कर्तव्य अधिकार

**८. परिच्छेद १ को दफा २ (च) अनुसारको सिफारिस समितिमा देहाय अनुसारको प्रतिनिधत्व रहनेछ ।**

क. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख. लेखा प्रमुख- सदस्य

ग. कृषि/पशु शाखा प्रमुख- सदस्य सचिव

प्रस्तावनाको समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा जनप्रतिनिधिलाई पनि आमन्त्रित सदस्यको रुपमा बैठकमा बोलाउन सक्नेछ ।

**८.१ यस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।**

क. कृषि तथा पशु सेवा शाखाले रितपुर्वक पेस भएका प्रस्तावहरु उपर दफा ५ घ बमोजिम मुल्यांकन गर्ने र उपयुक्त ठहरिएका प्रस्तावहरुको सुची तयार गर्ने

ख. उपयुक्त प्रस्तावहरुलाई ऋण लगानी गर्न छनौट समितिमा सिफारिस गर्ने निर्णय गर्ने ।

ग. लगानी भएका उद्यमहरुको नियमित अनुगमन गर्ने ।

घ. ऋण असुली हुन नसकेको उधमिहरुको लागि असुल उपर सम्बन्धि कार्वाहीको लागि छनौट समितिलाई प्रतिवेदन गर्ने ।

ङ. सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन प्रभावकारी बनाउन छनौट समितिलाई प्राविधिक पृष्ठपोषण गर्ने ।

च. छनौट समिति र नगर कार्यपालिकाका निर्देशनहरु कार्यन्वयनमा ल्याउने ।

छ. अन्य तोकिएको कामहरु गर्ने ।

ज. बैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

**९. परिच्छेद १ को दफा २(छ) अनुसारको छनौट समितिमा देहाय अनुसारको प्रतिनिधित्व रहनेछ ।**

क. नगरप्रमुख - अध्यक्ष

ख. उप प्रमुख - सदस्य

ग. कार्यपालिकाले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना - सदस्य

घ. कार्यपालिकाले तोकेको कार्यपालिकाको दलित सदस्य एक जना - सदस्य

ङ. नगरपालिका आर्थिक समिति संयोजक एक जना - सदस्य

च. परिच्छेद १ को बुंदा नं.२(ठ) बमोजिमको वित्तीय संस्थाको प्रमुख एक जना -सदस्य

छ. नगरपालिका भित्र क्रियाशील कृषि सहकारी संस्था मध्ये कार्यपालिकाले तोकेको संस्थाको प्रमुख एक जना - सदस्य

ज. किसान महासंघको जिल्ला अध्यक्ष - सदस्य

झ. सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको बिज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

सन्धिखर्क नगरपालिका

**९.१ यस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।**

क. सिफारिस समितिले पेस गरेको प्रस्तावहरु दफा ५(घ)बमोजिम मुल्यांकन भए नभएको यकिन गर्ने र उपयुक्त लागेमा प्रस्तावहरुको सूची तयार गर्ने ।

ख. सुची बमोजिम उपयुक्त प्रस्तावहरुलाई ऋण लगानी गर्न कोषमा पर्याप्त रकम भए नभएको सुनिश्चित गर्ने

ग. ऋण लगानी गर्न योग्य प्रस्तावको सम्बन्धमा निर्णय गरि कार्यान्वयनका लागि सम्बन्धित शाखालाई निदेशन गर्ने ।

घ. लगानी भएका उद्यमहरुको नियमित सुपरिवेक्षण गर्ने

ङ. ऋण असुली हुन् नसकेका उधमिहरुको लागि असुल उपर सम्बन्धि कारवाहीको लागि सचिवालयलाई निर्देशन दिने ।

च. सुलभ कृषि कर्जा कार्यक्रमको लागि आवश्यक कोष बढाउन बाह्य निकायहरु बीच समन्वय र सहकार्यका निम्ति नगर कार्यपालिकालाई नीतिगत सुझाव दिने तथा पृष्ठपोषण गर्ने ।

छ. नगर कार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउने ।

ज. कोषको सम्पादन हुने वार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेस गर्ने ।

झ. अन्य तोकिएको कम गर्ने ।

बैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-७
## कोषको लेखा परिक्षण

१०. यस कोषको लेखा परिक्षण नगरकार्यपालिका अन्य कोष वा कार्यक्रम सरह हुनेछ । कोषमा दातृ निकायबाट प्राप्त रकमको सम्बन्धमा लेखा परिक्षणको प्रतिवेदन सम्बन्धित लेखा परिक्षणको प्रतिवेदन उपर औल्याइएका विषयहरुको परिपालन गर्ने जिम्मेवारी नगर कार्यपालिका, छनौट समिति, सिफारिस समिति र सचिवालयको हुनेछ ।

## परिच्छेद-८
## असुली प्रकृया

**११. ऋण असुलीका लागि देहायका विधिहरु अवलम्बन गरिनेछ ।**

क. छनौट भएका व्यवसायीलाई १ वर्षको ऋण दिईने छ । ऋण असुलीको लागि व्यवसायको प्रकृति हेरेर ऋण असुली तालिका बनाइनेछ ।

ख. वित्तीय संस्थाबाट लिएको ऋणको हकमा तोकिएको समय भित्र किस्ता नबुझाउने ऋणीबाट ऋण असुली बैंकसँग गरिएको सम्झौता बमोजिम हुनेछ ।

ग. विशेष परिस्थितीका ऋणीहरुको ब्याज,हर्जाना र अन्य शुल्कको मिन्हाका सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

घ. वित्तीय संस्थाको तर्फबाट नियमित रुपमा गरिने कार्यका अतिरिक्त सो ऋण असुलीमा आवश्यक मौखिक स्मरण गराउने,पत्राचार गर्ने, तोकेता गर्ने लगायतका कार्यमा

सम्बन्धित सचिवालय, सम्बन्धित वडा कार्यालय, सेवा प्रदायक संस्था र सन्धिखर्क नगर कार्यपालिकाको पनि जिम्मेवारी हुनेछ।

ङ. ऋणीले ऋण नतिरेमा उक्त ऋणीहरुलाई सन्धिखर्क नगरपालिकाले कालो सुचीमा राखी जन्म दर्ता र मृत्यु दर्ता बाहेकका कुनै पनि सिफारिस गर्ने छैन।

## परिच्छेद-१०
## विविध

१२. **सहयोग गर्नुपर्नेः** यस कार्यक्रम बमोजिम सञ्चालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१३. **कार्यविधि पालनाः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा नगरपालिका र नगरपालिकाको निर्देशन सम्बद्ध सबैले पालना गर्नु पर्नेछ।

१४. **कार्यविधिको संसोधन गर्न सकिनेः** नगर कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१५. **बाधा अड्काउ गर्न फुकाउनेः** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**अनुसूची-१**
**परिच्छेद ३ को दफा ५(क) सँग सम्बन्धित**
**सुलभ कृषि कर्जा कार्यक्रम प्रस्ताव आव्हानको सूचना**

# सूचना! सूचना !! सूचना !!!

सन्धिखर्क नगरपालिका,सन्धिखर्क,अर्घाखाँचीको आ.ब. .................. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुलभ कृषि कर्जा कार्यक्रम प्रारम्भ भएकोले सन्धिखर्क नगरपालिका भित्र स्थायी बसोबास गर्ने, सन्धिखर्क नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गर्ने तथा गर्न चाहने कृषकहरुबाट **सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि-२०७७** बमोजिम सूचना प्रकाशनको मितिले ३० दिन भित्र प्रस्ताव पेस गर्नुहुन यो सूचना आव्हान गरिएको छ | थप जानकारीको लागि सन्धिखर्क नगरपालिकाको कृषि विकास तथा पशु सेवा शाखामा सम्पर्क राख्न अनुरोध छ |

## अनुसूची-२
## (परिच्छेद ३ को दफा ५(ख) सँग सम्बन्धित)
## प्रस्ताव पेसको लागि दिइने निवेदनको ढाँचा

श्री अधक्ष्य ज्यु,
सिफारिस समिति
सुलभ कृषि कर्जा कार्यक्रम
सन्धिखर्क नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,सन्धिखर्क अर्घाखाँची ।

विषयःसुलभ कृषि कर्जा कार्यक्रमको लागि प्रस्ताव पेस गरेको बारे ।

महोदय,
प्रस्तुत विषयमा म/हामि तपसिलका व्यक्तिले अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिका वडा नं.............स्थित.................टोलमा..................................... व्यवसाय/फर्म सञ्चालन गर्न चाहेको र सुलभ कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ का शर्तहरु पालना गर्न तयार भई तपसिलको विवरण सहितको कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु/छौ ।

<u>निवेदकः</u>

| सि.नं. | नाम,थर | स्थायी ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

संलग्न कागजातः

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख) सम्बन्धित वडा कार्यालयबाट कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गरेको हो भन्ने ऋण लगानीको लागि गरिएको सिफारिस

ग) जमानी बस्नेको कागज (अनुसूची ४ बमोजिम)

घ) सञ्चालन गरिने व्यवसायको प्रस्ताव(अनुसूची ३ बमोजिम)-२ प्रति

सन्धिखर्क नगरपालिका

## अनुसूची-३
## (परिच्छेद ३ को दफा ५ ख सँग सम्बन्धित)
## व्यवसायको प्रस्ताव

१. व्यवसाय/फर्मको नामः
व्यवसाय/फर्मको सञ्चालन गरिने ठेगाना:सन्धिखर्क नगरपालिका वडा नं. ........................
व्यवसाय/फर्म सम्बन्धि पुर्व अनुभव भएको
तालिम प्राप्त भएको /नभएको .........................

२. व्यवसाय/फर्मः
नयाँः
चालु (थप लगानी वा परिस्कृत) :
व्यवसायको प्रकृतिः
उत्पादनमुलकः
प्रसोधनः
सेवामुलकः
व्यापारजन्यः
अन्यः

उत्पादित वस्तु वा सेवाको बजारः स्थानीय वा बाह्य ..................
उत्पादन सामग्रीःस्थानीय तथा बाह्य...................
श्रमःस्थानीय वा बाह्य.....................

३. लागत
क. स्थिर पुँजी
i. भौतिक पूर्वाधार(फर्म/गोठ/सेड हाउस/प्लास्टिक टनेल आदि) रु.................................
ii. मेसिनरी/उपकरण रु................................

iii. प्रशोधन उधोग/कारखाना रु.................................

iv. अन्य .........................................

ख. चालु पुँजी

i. उत्पादन

सामग्री(मल,बीउ,दाना,आहारा,पशुपन्छी)...............
..........

ii. ज्याला .......................................

iii. बिजुली पानी ................................

iv. मर्मत संभार .................................

v. तलब ........................................

vi. अन्य .........................................

ग. कुल पूँजीः

कुल चालु पूँजी + कुल स्थिर पूँजीः रु.

४. पूँजीको श्रोतः

क. स्वलगानी : रु.

ख. ऋण सुविधा : रु.

५. उत्पादन(वार्षिक)

| क.स. | उत्पादित वस्तु/सेवाको विवरण | इकाई | ____ ____ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

जम्मा उत्पादन लागत रु. ............................................

सन्धिखर्क नगरपालिका

६.वार्षिक विक्री

| क.स. | विक्री हुने वस्तु/सेवाको विवरण | इकाई | दर रु. | जम्मा मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा विक्री मुल्य | | | |

७.चल खर्चः

क)उत्पादन सामग्रीः

| क.स. | उत्पादन सामग्री | इकाई | दर | जम्मा मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

ख) ज्यालाः

| क.स. | ज्यालाको विवरण | इकाई | दर | जम्मा मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा ज्याला | | | |

ग) विधुत,पानी,तथा इन्धन

रु. ......................................

घ) मर्मत सम्भार

रु. ...................................... ङ)अन्य

रु. .....................................

सन्धिखर्क नगरपालिका

कुल वार्षिक चालु खर्च

रु. ......................................

८. कुल मुनाफाः

वार्षिक विक्री — वार्षिक चालु खर्च = ............................

९. स्थिर खर्चः

I.तलब रु. ...........................

II.घर भाडा रु. ...........................

III.विविध ह्रास कट्टी रु. ...........................

IV.व्याज रु. ...........................

जम्मा स्थिर खर्च रु. ...........................

१०. खुद मुनाफाः

कुल मुनाफा- जम्मा स्थिर खर्च

११. जम्मा वार्षिक उत्पादन खर्चःकुल चाल+कुल स्थिर खर्च

कार्यालय प्रयोजनको लागि मात्रः

क. जम्मा वार्षिक उत्पादन खर्च/विक्री : .................... %

ख. मुनाफा/विक्रीः .............................. %

ग. पी.भी.अनुपात(कुल मुनाफा/विक्री) ............................ %

घ. ब्रेक इभन विन्दु मुल्यमा रु. .......................

ङ. ब्रेक इभन विन्दु प्रतिशतमा ............................... %

च. मुल्य अभिवृद्धि : जम्मा विक्री – जम्मा चालु खर्च / जम्मा विक्री

सन्धिखर्क नगरपालिका

# अनुसूची -४
## (परिच्छेद ५ को दफा ७ सँग सम्बन्धित )
## जमानी बस्नेको कागजको ढाँचा

लिखितम हामी/म तपसिलका मानिसहरु आगे ..........................................................................को नाती/नातिनी..............................................................को छोरा/छोरी......................................................को पत्नी/बुहारी .................................... जिल्ला ....................... गा.पा./न.पा. वडा नं. .......... टोल ...................................घर भै हाल ................................. गा.पा./न.पा. वडा नं. ........... बस्ने वर्ष ..................... को श्री ..................................... ले सन्धिखर्क नगरपालिकाद्वारा संचालित सुलभ कृषि कर्जा कार्यक्रमबाट ऋण लिनका लागि हामी/म तपसिलका मानिसहरुलाई जमानी बसी दिन अनुरोध गर्नु भएकोमा निजको कुरा हामीलाई चित्त बुझ्यो । निजलाई हामी/म राम्रो सँग चिन्छु/चिन्दछौ । साथै हामी/म निजले यस नगरपालिका सँग सुलभ कृषि कर्जा कार्यक्रम अन्तर्गत लिएको ऋण रकमको लागि निजको जमानी हुन तयार छु/छौ । निज ऋणीले यस नगरपालिकासँग लिएको ऋण रकम निजले नतिरे नबुझाएमा सो को दायित्व बहन गर्न मन्जुर छु/छौं । नतिरे नबुझाएमा मेरो/हाम्रो खाताबाट वा घर घरानाबाट असुल उपर गरी लिएमा समेत मन्जुर छु/छौं भनी बायां किनाराका साक्षीहरुको रोहबरमा यस सन्धिखर्क नगरपालिका वडा नं. ........................ को वडा समितिको कार्यालय ...................बसी यो जमानी भएको कागज लेखी सही छाप गरी सन्धिखर्क नगरपालिका सुलभ कृषि कर्जा कार्यक्रमलाई दियौ /दिए ।



सन्धिखर्क नगरपालिका

तपसिल

श्री................................................................................ को नाती/नातिनी .............................................................. को ....................................... छोरा/छोरी .............................. को .......................... पत्नी/बुहारी जिल्ला ............................ न.पा..........................................वडा......... नं............. टोल ............................... घर.......................... भै ..................... हाल जिल्ला ..................................... न.पा. ......................... वडा ...................... नं.................. टोल ............................ बस्ने वर्ष......................को श्री ........................................

श्री..................................................................................को नाती/नातिनी ................................................ को .............................. छोरा/छोरी ................................. को ........................... पत्नी/बुहारी .......................................... जिल्ला.............................. गा.पा./न.पा......................वडा नं............ टोल ..................................... घर भै हाल जिल्ला................................गा.पा./न.पा............................. वडा नं. ........................ टोल...................................... बस्ने वर्ष..............को श्री ..................................................

सन्धिखर्क नगरपालिका

## अनुसूची-५
## परिच्छेद ४ को दफा ६(ङ)सँग सम्बन्धित
## ऋण लगानीका क्षेत्रहरु

१. तरकारी उत्पादन,प्रशोधन,भण्डारण तथा विक्री वितरण
२. बीउ विजन उत्पादन,प्रशोधन,भण्डारण तथा विक्री वितरण
३. बागवानीजन्य उत्पादन
४. पशुपन्छीपालन
५. अष्ट्रिच, टर्की,हाँस,बट्टाई पालन र सोको मासु एवं भण्डारण, प्रशोधन तथा विक्री वितरण
६. फलफुल उत्पादन, प्रसोधन, भण्डारण तथा विक्री वितरण
७. मत्स्यपालन, भण्डारण तथा विक्री वितरण
८. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण
९. पशुबध शाला, मासुजन्य उत्पादन, सो को प्रसोधन, भण्डारण तथा विक्री वितरण
१०. दुग्ध उत्पादन, प्रसोधन तथा विक्री वितरण
११. जडीबुटी तथा गैरकाष्ठ वनपैदावार उत्पादन, प्रसोधन, भण्डारण तथा विक्री वितरण
१२. उखु,कफी, अदुवा, बेसार, जैतुन,सूर्यमुखी,लोक्ता,अल्लो, खेती तथा यिनीहरुको उत्पादन, प्रसोधन,भण्डारण तथा विक्री वितरण
१३. पुष्प व्यवसाय
१४. मौरी पालन व्यवसाय
१५. जौ, फापर, सिलाम उत्पादन, प्रसोधन, भण्डारण तथा विक्री वितरण
१६. प्राङगारीक तथा जैविक मल उत्पादन तथा विक्री वितरण
१७. कपास, उन, रेसम खेति/उत्पादन, प्रसोधन तथा विक्री वितरण
१८. भेडा, च्यांग्रा र चौरी लगाएतको उनको उत्पादन, प्रसोधन तथा विक्री वितरण
१९. नेपाल सरकार, प्रदेश सरकार र सन्धिखर्क नगरपालिकाले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु

# अनुसूची-६
## परिच्छेद १ दफा २ (ठ) सँग सम्बन्धित
## बैंक तथा वित्तीय संस्था छनौटको आधारहरु

१. कार्यानुभव भएको बैंक
२. न्यून व्याजदरमा कर्जा उपलब्ध गराउन सक्ने
३. कर्जाको सुरक्षा, मुल्यांकन, अनुगमन र असुली प्रक्रिया प्रभावकारी भएको
४. कर्जा प्रवाह प्रक्रिया सहज सरल भएको
५. कम्तिमा ५०% वा सो भन्दा बढी सरकारी स्वामित्व रहेको बैंक

सन्धिखर्क नगरपालिका

## अनुसूची-७
## (परिच्छेद १ को दफा २ (ठ) सँग सम्बन्धित)
## सन्धिखर्क नगरपालिका र ...................................... बीचको
## सम्झौता पत्र

लिखितम सन्धिखर्क नगरपालिका, सन्धिखर्क सन्धिखर्क (जसलाई यस सम्झौतामा नगरपालिका भनिएको छ)........१ र बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन २०७३ अन्तर्गत संचालित ......................................................................... .........................................................................(जस लाई यस सम्झौतामा बैंक भनिएको छ) ......१ समेत दुवै पक्षका विचमा सन्धिखर्क नगरपालिकामा बसी यो सम्झौता गरि दुवै पक्षले एक/एक प्रति वुझि लियौं । नगरपालिका र बैंक विच सहमती पत्रमा हस्ताक्षर भए पश्चात यो सहमती पत्र लागु हुनेछ ।

उदेश्यः सन्धिखर्क नगर क्षेत्रका कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवद्र्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न शिक्षित बेरोजगार युवाहरुलाई मुलुकभित्र रोजगारीका अवसरहरु सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप र व्यवसायीक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार वनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकिकरण एवं प्रवर्धन गरी उद्यमशिलता विकास गर्न वित्तिय पहुँच विस्तार गर्दै ..........................बैंक लिमिटेड र सन्धिखर्क नगरपालिकाको सहकार्यमा यस क्षेत्रको आर्थिक विकासमा महत्वपुर्ण योगदान पुर्याउनु यस सहमती पत्रको मुख्य उद्देश्य रहेको छ ।

सन्धिखर्क नगरपालिका

## सन्धिखर्क नगरपालिकाको दायित्व :

- सन्धिखर्क नगरपालिकाले **सन्धिखर्क नगरपालिकाको कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** मार्फत एक कोष खडा गरी ................................... , ..................... शाखामा ग्यारेन्टीको रुपमा सो कोषमा रकम जम्मा गर्दै जानेछ ।
- नगरपालिकामा कर्जाका लागि दिईएका आवेदनहरुमध्येबाट नगरपालिकाले सिफारिस समिति र छनौट समिति निर्माण गरी योग्य उद्यमी एवं व्यवसायीहरु तयार गर्ने कार्य गरी उक्त निवेदनहरुबाट बैकमा कर्जाको लागि सिफारिस गर्नेछ । सोको लागि बैंक प्रतिनिधिलाई सुरुवाती चरणवाटै समितिमा समावेश गराईनेछ ।
- कर्जाको लागि उद्यमी एवम् व्यवसायी तयार गर्न उनीहरुलाई तालिम तथा विकास कार्य स्वयम नगरपालिकाले सञ्चालन गर्नेछ भने आवश्यकता अनुसार तेस्रो तटस्थ पक्षको सहयोग लिन पनि सक्नेछ ।
- ऋणको लागि पहिलो चरणमा नगरपालिकामा आवेदन दिने आवेदकहरुलाई बैंकिङ् कार्यमा सहयोग हुने गरी नगरपालिकाले .............................. बैंक लिमिटेड सँग समन्वय गरी आवेदकहरुका निमित्त वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्न सक्नेछ ।
- नगरपालिकाको सिफारिसमा कर्जा लिएका व्यक्ति वा फर्म कसैले साँवा, व्याज नियमित नगरेमा बैकलाई उक्त साँवा, व्याज रकम उठाउन नगरपालिकाले सहयोगी भुमिका खेल्नेछ ।
- लामो समयसम्म कर्जा नतिर्ने व्यक्ति वा फर्मलाई नगरपालिकाले कालो सुचीमा राखी, जन्म दर्ता र मृत्यु दर्ता

सन्धिखर्क नगरपालिका

बाहेकका सम्पुर्ण सिफारिस तथा नगरपालिका सम्बन्धि अन्य कार्यहरुमा बन्देज लगाई कर्जाको साँवा व्याज उठाउन बैंकलाई सहयोग गर्नेछ ।

- अन्तिम समयसम्म पनि बैंकको साँवा व्याज अशुल नभएमा नगरपालिकाले बैंकमा राखेको ग्यारेण्टी रकमबाट उक्त साँवा व्याज चुक्ता गर्न नगरपालिकाले बैंकलाई अख्तियार दिनेछ ।
- नगरपालिकाले बैंकलाई स्थलगत निरिक्षण गर्न, कर्जा प्रकृयामा कागजातहरु तयार पार्न सहयोग गर्नेछ ।
- बैंकबाट कर्जा लिएपश्चात उक्त कर्जाको उपयोग कर्जाको लागि माग भई आएको क्षेत्रमा भए नभएको कुरा निरीक्षण गर्ने कार्यमा नगरपालिकाले बैंकलाई सहयोग गर्नुपर्नेछ ।
- पहिलो चरणमा नगरपालिकाले बैंकमा ग्यारण्टीको रुपमा राखेको रकमको दुई गुणासम्म रकम बैंकले ऋण लगानी गर्न सक्नेछ । कर्जाको भुक्तानी सहज ढंगले हुँदै आएर सबै कर्जाहरु नेपाल राष्ट्र कको एकिकृत निर्देशिका अनुसार असल बर्गमा पर्न गएमा बैंकले नगरपालिकाले बैंकमा राखेको ग्यारेण्टी रकमको दुई गुणाभन्दा बढि जतिसुकै रकम पनि लगानी वढाउन सक्नेछ ।
- कर्जाको व्याजदर ने.रा. बैंकले जारी गरेको व्याजदर सहुलियत सम्बन्धि एकीकृत कार्यविधि २०७५ बमोजिम आधार दरमा २% प्रिमियम थप गरी हुन आउने व्याजदर कायम हुनेछ । सो कार्यविधि बमोजिम असल बर्गमा परेका ऋणीहरुलाई आफुले तिरेको व्याजदरमा ५%, (महिला उद्यमशील कर्जाको हकमा ६%) छुटको लागि नेपाल राष्ट्र बैंकमा व्याज अनुदान प्राप्तीको लागि नेपाल बैंकले राष्ट्र बैंकसँग समन्वय गरी

सम्बन्धित ऋणीको चल्ती खातामा जम्मा गरिनेछ । ........................बैंकको आधार दरमा परिवर्तन भएमा व्याजदर पनि सोही अनुसार परिवर्तन हुनेछ ....। सोको जानकारी बैंकले नगरपालिकालाई दिनेछ ।

- ब्याज अनुदान दिने कर्जामा बैंकले सेवा शुल्क लिनेछैन ।
- सन्धिखर्क नगरपालिकाको कृषि कर्जा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ मा जेसुकै उल्लेख भएता पनि सन्धिखर्क नगरपालिका र .................. बैंक लि. विचको सम्झौता बमोजिम कर्जा लगानी गर्नेछ र सोही बमोजिम नगरपालिकाले सहजीकरण गर्नेछ ।
- बैंकले "......................बैंक लिमिटेड सहुलियतपूर्ण कर्जाको एकीकृत कार्यविधि २०७५" बमोजिम कर्जा लगानी गर्नेछ ।
- कर्जा स्वीकृतीको अन्तिम अधिकार बैंकलाई रहनेछ ।बैंकले परियोजना तथा यसको सम्भाव्यतालाई मुख्य आधारको रुपमा लिई कर्जा स्वीकृत गर्नेछ ।
- नगरपालिकाले बैंकमा कर्जाको लागि सिफारिस गर्दा छनौट चरणहरुमै बैंकलाई सहभागी गराउने हुँदा अन्य कुराहरु यथावत रहेको सन्दर्भमा सिफारिस आएका सबै ऋणीलाई बैंकले लगानी गर्न प्रधान कार्यालयमा सिफारिस गरी पठाउने छ र कर्जा स्वीकृत भई आएका ऋणीलाई मात्र सम्पुर्ण बाँकी प्रकृया पुरा भएपछि शाखा मार्फत कर्जा प्रवाह गरिनेछ ।
- यस सम्झैतामा उल्लेख भएका शर्तहरुमा यसै बमोजिम हुनेछ र उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।
- नगरपालिकाको सिफारिसमा आएका कर्जाहरुलाई विशेष प्राथमिकतामा राखी बैंकले कर्जा प्रकृया अगाडी बढाउनेछ ।

- नगरपालिकाबाट कर्जाका लागि सिफारिस भई आएका प्रस्ताव तथा ग्राहकहरुलाई बैंकले कर्जा युनिटमा छुट्टै कर्मचारी व्यवस्था गरी सहज सेवा प्रदान गर्नेछ ।
- बैंकले दिने कर्जाको हकमा कर्जा निवेदकसँग बैंकले कुनै पनि किसिमको धितो लिनेछैन धितो भनेकै नगरपालिकाले बैंकमा राखेको निक्षेप र स्वयम नगरपालिका ग्यारेण्टी रहनु नै धितो मानिनेछ । त्यसैले कर्जाको अन्तिम दायीत्व ऋणी स्वयम भए पनि ऋणीबाट असुल उपर  हुन नसकेमा नगरपालिकाले बैंकमा राखेको ग्यारेण्टी रकमवाटै बैंकले खराव कर्जाको साँवा व्याज असुल उपर गर्न सक्नेछ । यसबाट पनि साँवा व्याज रकम उठ्न नसकेमा कर्जाको ग्यारेण्टरको रुपमा नगरपालिका रहने हुँदा उठ्न नसकेको रकम नगरपालिकाले भुक्तान गर्नुपर्नेछ ।
- सहुलियतपुर्ण कर्जा लिने ऋणीहरुको बैंकले समृद्ध बचत अभियान खाता खोलिदिनेछ । जसमा अधिकतम व्याजदर, निशुल्क मोवाईल बैंकिङ् , निशुल्क भिसा डेविट कार्ड प्रदान गर्ने र बैंकको तर्फबाट रु. १०० खातामै जम्मा गरिदिने व्यवस्था हुनेछ ।
- यो सम्झौतामा उल्लेख गरिएका बुँदाहरु आकर्षित हुने र खारेज हुने गरी नेपाल सरकारले कुनै निर्णय गरेमा सोही बमोजिम हुनेछ ।
- यो सम्झौतामा केही विषय थपघट गर्नुपरेमा दुवै पक्षको आपसी सहमतीमा गरिनेछ ।

ईति सम्वत २०७७.......... .......... रोज ............. शुभम्  ।

## अनुसुचि-८
## परिच्छेद-३ को दफा ५(छ) सँग सम्बन्धित
## छनौट भएका प्रस्तावकहरुले सुलभ कृषि कर्जाको लागि बैंकमा पेस गर्नुपर्ने कागजातहरु

१. नगरपालिका बाट लगानिको लागि पत्र

२. व्यावसाय दर्ताको प्रमाणपत्र को फोटोकपी (स्थानीय निकाय वा घरेलु कार्यालय वा कम्पनी रजिस्ट्रारको कार्यालय मध्ये एक)

३. प्यान दर्ता प्रामाणपत्रको फोटोकपि

४. विगत देखि सञ्चालित परियोजनाको करचुक्ता प्रमाणपत्र

५. आफ्नो जग्गामा भएमा जग्गाधनि प्रमाणपत्र पुर्जाको फोटोकपि र भाडाको जग्गामा भएमा भाडा सम्झौताको फोटोकपि

६. वडा कार्यालयबाट पारिवारीक विवरण उमेर उल्लेखित गरी

७. नागरिकताको फोटोकपि परिवारका सबै व्यात्तीको

८. पासपोर्ट साईजको फोटो प्रस्तावकको ४ प्रति र अन्यको १।१ प्रति

९. आम्दानि खर्चको विवरण अनुसुचि ७ को फरम्याट (क) बमोजिम

१०. उद्यम सम्वन्धी समलग्न नमुना अनुसुचि ७ को फरम्याट (ख) बमोजिम संक्षप्त प्रस्ताव

११. विदेशबाट फर्केको र रोजगारि गुमाएका युवाहरुले राहादानि,प्रवेशआज्ञाको प्रतिलिपि तथा श्रम स्विकृति प्राप्त देशबाट फर्केको भएमा सोको प्रतिलिपि, निवेदक विदेशमा गई कम्तिमा ६ महिना सम्वन्धीत तालिम पेशा व्यावसाय क्षेत्रमा काम गरेको कागजात र कुनैपनि देशको स्थायी बसोवासको स्वीकृती प्राप्त (PR/Green Card Holder)नभएको स्वघोषणा ।

क)आम्दानी खर्चको विवरण

| विवरण | आय वर्ष | | | |
|---|---|---|---|---|
| | वास्तविक | अनुमानित | | |
| | २०..../२०.... | २०..../२०.... | २०..../२०.... | २०..../२०.... |
| विक्रीबाट प्राप्त कुल आय(अ) | | | | |
| खरिद(बीउ,मल,चल्ला, दाना,औषधि,घाँस)(आ) | | | | |
| अन्य प्रशासनिक खर्चहरु (विधुत,पानी,तलब,बिमा)(इ) | | | | |
| बैंक व्याज(ई) | | | | |
| कर(उ) | | | | |
| नाफा/घाटा(अ,आ,इ,ई, उ) | | | | |

सन्धिखर्क नगरपालिका

प्रमाणीकरण मितिः २०७७/९/९

आज्ञाले
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत